लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर: ६४६

मिति: २०८२/१२/२३

श्री स्थानीय तह, सबै
लुम्बिनी प्रदेश।

विषय : समन्वय तथा सहयोग सम्बन्धमा।

उपरोक्त सम्वन्धमा, यसै पत्र साथ संलग्न सीप परीक्षण मूल्याङ्कनकर्ता (Skill Test Assessor) तालिमका लागि सहभागी आवेदन आह्वान सम्वन्धी सूचना तहाँ स्थानीय तह र अन्तर्गतका सबै वडा कार्यलयहरुबाट सम्प्रेषण गरी लक्षित सरोकारवालाहरुका लागि सहयोग तथा समन्वय गरिदिनहुन अनुरोध छ ।

हरिकला सारु मगर
उपसचिव
उप-सचिव

गढवा गाउँपालिकाको कार्यालय
दर्ता नं. २१६७
मिति:- २०८२।१२।२३

लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

पत्र संख्या : २०८२/०८३

राप्ती उपत्यका (देउखुरी), नेपाल

चलानी नम्बर:

## सीप परीक्षण मूल्याङ्कनकर्ता (Skill Test Assessor) तालिम सहभागी आवेदन आह्वान सम्बन्धी सुचना

सुचना प्रकाशित मितिः २०८२/१२/२३

लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, नेपाल व्यावसायिक योग्यता प्रणाली (NVQSP-II) अन्तर्गत सञ्चालन हुने सीप परीक्षण मूल्याङकनकर्ता (SkillTest Assessor) तालिममा सहभागी हुन ईच्छुक प्राविधिक तथा व्यावसायिक बिषयका तपशिलमा उल्लेख भए बमोजिम योग्यता तथा अनुभव भएका नेपाली नागरिकहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन (२०८३/०१/१३ गतेसम्म,उक्त दिन सार्वजनिक बिदा भए सो को भोलिपल्ट) कार्यालय समयभित्र आइपुग्ने गरी सामाजिक विकास मन्त्रालय को email:mosdfive@gmail.com मा आवेदन फाराम सहित आवश्यक कागजपत्रहरु पठाउनुहुन वा स्वयं उपस्थित भई बुझाउनुहुन सूचित गरिन्छ। आवेदन फाराम ***https://mosdfive.org.np/*** बाट डाउनलोड गरी वा राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली (NVQS) को परियोजना सहयोग इकाईबाट प्राप्त गर्न सकिने छ ।

आवेदन दिन सकिने पेशा/व्यवसायहरुः

| क्र.स. | पेशा/व्यवसाय | न्यूनतम योग्यता | आवश्यक संख्या |
|---|---|---|---|
| १ | कम्प्युटर हार्डवयर नेटवर्क टेकिनसियन (Computer Hardware and Network Technician) | तह-३ वा Diploma in Computer Engineering | ४ |
| २ | सेल मोबाईल फोन रिपेयर टेक्निसियन (Cel Mobile Phone Repair Technician) | तह-२ वा Diploma in Electronics Engineering | ४ |
| ३ | रेफ्रिजेरेसन एण्ड एअर कन्डिसन मेकानिक (Ref. and AC Mechanic) | तह-३ वा Diploma in Ref. and AC Engineering | ४ |
| ४ | वेल्डर (Welder) | तह-३ वा Diploma in Mechanical Engineering | ४ |
| ५ | डकर्मी (Construction Mason) | तह-३ वा Diploma in Civil Engineering | ४ |
| ६ | प्लम्बर (Plumber) | तह-३ वा Pre-Diploma in Water Supply and Sanitation Engineering | ३ |
| ७ | टायल एण्ड मार्बल फिटर (Tile and Marble Fixture) | Diploma in Civil Engineering | ३ |
| ८ | बिल्डिंग पेन्टर (Building Painter) | तह-२ वा Diploma in Civil Engineering | ३ |
| ९ | मोटरसाईकल मेकानिक (Motorcycle Mechanic) | Diploma in Automobile Engineering | ३ |
| १० | गार्मेण्ट फेब्रिकेटर (Garment Fabricator) | तह-२ | ३ |
| ११ | ब्यूटीसियन (Beautician) | तह-२ का साथै कुनै पनि बिषयमा स्नातक वा Diploma in Cosmetology | २ |
| १२ | ढाका वेभर (Dhaka Weaver) | तह-२ | १ |
| १३ | थारु हस्तकला (Tharu Handicraft) | तह-१ | १ |
| १४ | बार्वर (Barber) | तह-१ | १ |
| कुल आवश्यक संख्या | | | ४० जना |

लुम्बिनी प्रदेश सरकार
# सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर:

१. तालिमका लागि आवश्यक योग्यता

क. एस. एल. सी/एस. ई.ई. उत्तीर्ण (Beautician) बिषयको हकमा स्नातक तह उत्तीर्ण गरि सम्बन्धित पेशा/व्यावसायमा तोकिएको प्रमाण पत्र प्राप्त गरेको ।

ख. सम्वन्धित विषयमा कम्तिमा ३ बर्षको कार्य अनुभव पत्र ।

२. फारम साथ अनिवार्य संलग्न गर्नु पर्ने कागजातहरु :-

क. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो

ख. नेपाली नागरिकताको प्रमाणपत्र

ग. शैक्षिक योग्यताको प्रमाणपत्र

घ. सीप परीक्षणको प्रमाणपत्र

ङ. सम्वन्धित विषयमा कार्य अनुभवको प्रमाण पत्र

च. लक्षित बर्गको हकमा सो को प्रमाण पत्र

छ. TITI बाट तालिम (TOS/IS) लिएको भए सो को प्रमाणपत्र

ज. लुम्बिनी प्रदेश भन्दा बाहिर जिल्लाको नागरिकता भएमा लुम्बिनी प्रदेशको स्थानीय तहमा स्थाई रुपमा बसोबास गरेको सिफारिस पत्र

३. तालिम को अवधि :- सीप परीक्षण मूल्यांकनकर्ता (SkillTestAssessor) तालिमको आवधि दैनिक ८ घन्टाको दरले ५ दिनको हुनेछ।

४. न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता/व्यावसायिक सीप परीक्षण, न्यूनतम भन्दा बढी सम्बन्धित पेशाको कार्य अनुभव,सम्बन्धित पेशामा आबद्ध महिला, बिकट भौगोलिकता तथा स्थानीय आवेदक, TITI को प्रशिक्षण सम्बन्धि तालिम (ToT, O-ToT, IS) भएकोलाई बिशेष प्राथमिकता दिईनेछ ।

५. यदि कुनै बिषय/पेशामा आवेदक संख्या अपुग भएको खण्डमा सो बिषय/पेशाको कोटा संख्या अर्को सबै भन्दा बढी आवेदन पर्ने बिषय/पेशा बाट क्रमशः पुर्ती गरिनेछ।

६. तालिमका लागि छनौट भएका सहभागीलाई टेलिफोन मार्फत जानकारी गराइनेछ ।

७. शर्त सहित र अपूर्ण आवेदन स्वीकार गरिने छैन ।

थप जाकारीका लागि मन्त्रालयको सम्पर्क नं. ०८२- ५९०४६१/५९०४६२ वा नेपाल व्यावसायिक योग्यता प्रणाली (NVQS) परियोजना सहयोग इकाईको सम्पर्क नं. ०८२-५९०५०८वा ९८४८२५८२५६ वा ९८५७०१७५७८ मा सम्पर्क गर्नुहोला ।

*पुनश्चः इमेलमा आवेदन पठाइसकेपछि सुनिश्चितता गर्नुहुन अनुरोध छ ।*

हरिकला सारु मगर
उपसचिव

सीप मूल्यांकनकर्ता तालीम (AssessorTraining) का लागि

## आवेदन फारम

१. नाम, थरः ................................................ लिंगः...........

२. जातजातीः ....................................

३. स्थाई ठेगाना (नागरिकता अनुसार):..................................................

४. हालको ठेगानाः.........................................

५. सम्पर्क नम्बरः................................ इमेल ठेगानाः ..................................

६. पेशा:......................................

७. हाल कार्यरत संस्था र ठेगानाः..................................................................

८. सीप परीक्षण पेशा...................................... तह..................

९. प्राविधिक शैक्षिक योग्यताः....................................................

१०. अन्य शैक्षिक योग्यताः....................................................

११. सम्बन्धित पेशामा कार्य अनुभवः .......................................

१२. हाल सम्म गरेको सीप परीक्षणसंख्या (यदि भएमा):.........................................

*नोटः छनौट भएका सहभागीहरुले तालीममा आउँदा सक्कल कागजपत्रहरु तथा नेपाली नागरिकताको प्रमाणपत्र, सीप परीक्षणको प्रमाणपत्र वा प्राविधिक बिषयको शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनूभवको पत्र र २ प्रति फोटो (हालसालै खिचिएको) अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।*